"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

प्रेस विज्ञप्ति

मितिः २०८०/०४/१६

१. इण्डियन आयल कर्पोरेशनबाट १ अगष्ट, २०२३ (श्रावण १६, २०८०) मा प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोल र डिजेलमा क्रमशः प्रति लिटर रू. ८।१४ र रू. ६।८६ ले वृद्धि भई आएको तथा एल. पि. ग्यासको मूल्यमा प्रति सिलिण्डर रू. ११७।६२ ले घटि आएकोले निगम व्यवस्थापनको मिति २०८०।०४।१६ को निर्णय अनुसार निगमले "पेट्रोलियम पदार्थ तथा ग्यासको स्वचालित मूल्य प्रणाली कार्यविधि, २०८०" तथा परिवर्तित मूल्यमा मूल्य अभिवृद्धि कर सहित समायोजन गरि कायम हुने बिक्री मूल्यका आधारमा आज राती १२:०० बजेदेखि लागू हुने गरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोल तथा डिजेल/मट्टितेलमा क्रमशः प्रति लिटर रू. ९।०० र रू. ७।०० ले वृद्धि गरेको छ भने खाना पकाउने एल. पि. ग्यासमा साविकको खुद्रा बिक्री मूल्यमा प्रति सिलिण्डर रू. १३०।०० ले घटाएको छ। हवाई इन्धनको साविकको बिक्री मूल्य भने यथावत् नै राखिएको छ ।

२. समायोजन पश्चात् निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्म पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय वमोजिम कायम भएको छ ।

क्र. सं.	पेट्रोलियम पदार्थ	साविकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर / सिलिण्डर)			आज मिति २०८०।०४।१६ को राती १२:०० वजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू अ कर सहित रु.(प्रति लिटर / सिलिण्डर)		
		तेस्रो वर्ग	दोस्रो वर्ग	पहिलो वर्ग	तेस्रो वर्ग	दोस्रो वर्ग	पहिलो वर्ग
१	पेट्रोल	१६४	१६३	१६१।५०	१७३	१७२	१७०।५०
२	डिजेल	१४६	१४५	१४३।५०	१५३	१५२	१५०।५०
३	मट्टितेल	१४६	१४५	१४३।५०	१५३	१५२	१५०।५०
६	एल. पि. ग्यास	१,७९०			१,६६०		

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलवारी, नेपालगञ्ज र धनगढी ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

३. निगमलाई नेपाल सरकारद्वारा उपलब्ध गराईएको ऋण, मूल्य स्थिरीकरण कोष तथा अन्य दायित्वहरुको व्यवस्थापन गर्नुपर्ने चुनौती यथावत् रहेको छ ।

धन्यवाद् ।

२०८०।४।१६

प्रवक्ता